हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०८०/०८१) वैठक नं.

आज मिति २०८१ साल वैशाख ३१ गते सोमवारका दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको चौतिसौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिती**

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | चितोरिया |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | ओम प्रकाश महतो | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८१।०१।३१ गते

**प्रस्ताव**

१. पूर्व निर्णयको समीक्षा सम्वन्धमा ।
२. डि.जे. साउण्ड सिस्टम रोक सम्वन्धमा ।
३. नवलपुर सर्पदंश उपचार केन्द्रको अनुदान सम्वन्धमा ।
४. आर्थिक सहयोग सम्वन्धमा ।
५. हरिपुर खानेपानी तथा सरसफाई ब्यवस्थापन बोर्ड, हरिपुर, सर्लाहीको आर्थिक तथा प्रशासनीक नियमावली, २०८० सम्वन्धमा ।
६. हरिपुर खानेपानी तथा सरसफाई ब्यवस्थापन बोर्ड, हरिपुर, सर्लाहीको खानेपानी महसुल निर्धारण सम्वन्धमा ।
७. स्थानीय तहको बेरुजु फर्छ्यौट निर्देशिका, २०८१ सम्वन्धमा ।
८. स्थानीय सरकारको आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८१ सम्वन्धमा ।
९. हयाण्ड पाईप जडान सम्वन्धमा ।
१०. स्वयम् सेवक शिक्षक कार्यविधि, २०७७ तेस्रो संसोधन सम्बन्धमा ।
११. विदा अनुमोदन गर्ने सम्बन्धमा ।
१२. न्यायीक समितिको रकम बाँडफाड सम्वन्धमा ।
१३. ज्यालादारी कर्मचारीको रकम भुक्तानी सम्वन्धमा ।
१४. हरिपुर नगरपालिकाको बालबिवाह मुक्त अभियान निर्देशिका, २०८० सम्वन्धमा ।
१५. सामुदायिक माहिला स्वास्थ्य स्वयम्सेविकाहरुको वार्षिक समिक्षा सम्वन्धमा ।
१६. वडा नं. ७ को सडकमा परेको ट्रान्सफरमर, पोल तार सार्ने सम्वन्धमा ।
१७. विविध सम्वन्धमा निर्णय कार्यान्वयन र भुक्तानी सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समीक्षा गर्दै उक्त निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धीत विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका कार्यालयमा गृह, सञ्चार तथा कानून मन्त्रालय, जनकपुरधाम, धनुषाको प.सं. २०८०।०८१, च.नं. १२५३, मिति २०८०।१२।२१ गतेको प्राप्त पत्रानुसार मिति २०८० चैत्र २० गतेका दिन मधेश प्रदेश सुरक्षा समन्वय समितिका अध्यक्ष गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीज्यूको अध्यक्षतामा सुरक्षा समन्वय समितिको वैठकबाट मधेश प्रदेश अन्तर्गतका विभिन्न स्थानमा विभिन्न कार्यक्रममा ठूला अवाजमा बजाइने डि.जे. साउण्ड सिस्टमले ध्वनी प्रदुषण भई स्वास्थ्यमा प्रतिकुल असर परिरहेको र सो सम्वन्धमा जनगुनासो आईरहेको हुँदा सो कार्यलाई रोक्न जिल्ला प्रशासन कार्यालय र स्थानीय तहलाई अनुरोध गर्ने निर्णय भएकोले उक्त डि.जे. साउण्ड सिस्टमले हुने ध्वनी प्रदुषणलाई यस नगरपालिका क्षेत्र भित्र डि.जे. साउण्ड सिस्टम रोक लगाउने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८१।०१।३१ गते

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाले विगत वर्ष देखि नै सर्पदंश उपचार केन्द्र संचालनको लागि नवलपुर सर्पदंश उपचार केन्द्रलाई बजेट विनियोजन गरिरहेकोमा नवलपुर सर्पदंश उपचार केन्द्र, लालबन्दी न.पा. १ जुटपानी, सर्लाहीको प.सं. २०८०।०८१, च.नं. ५७, मिति २०८०।१२।२२ गतेको उपचार केन्द्र संचालनको लागि आर्थिक सहयोग उपलब्ध गराई दिन माग गरिएको प्राप्त पत्रानुसार उक्त सर्पदंश उपचार केन्द्र संचालनको लागि नवलपुर सर्पदंश उपचार केन्द्रलाई यस नगरपालिकाको चालु आ व २०८०।०८१ को रेडबुकको सि नं १२३ (पेज नं. ४८) मा सर्पदंश नवलपुर अनुदान सहयोग खर्च शिर्षक नं. २५३१५ मा रकम रु. २,००,०००।०० विनियोजन भएको रकमबाट नै उक्त नवलपुर सर्पदंश उपचार केन्द्रलाई विल भर्पाई अनुसार अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम बाह्रौ नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकको पेज नं. ४८ मा सि.नं. १२४ मा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षक २७२१२ मा रकम रु. ७०००००।०० विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | राम एकवाल साह | ४ | हरिपुर | गहुँमा आगलागी भएको | २०८१।०१।०५ | १३१४/२०८१।०१।०६ | ६०००।०० |
| २. | भुइया स्थान संगठन | ९ | हरिपुर | भुईदेवको पुजा कार्यक्रम | २०८०।१०।१७ | १९१०/२०८०।१०।१७ | ६०००।०० |
| ३ | तारा कुमारी भट्टराई | १ | हरिपुर | औषधी उपचार हड्डीमा मासु पलाएको अपरेशन गरेको | २०८०।१०।०६ | ७९४/२०८०।१०।१८ | ६०००।०० |
| ४ | लटू सदा | ८ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।०१।२३ | १०९८/२०८१।०१।२७ | ६०००।०० |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७२

मिति २०८१।०१।३१ गते

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत रहेको हरिपुर खानेपानी तथा सरसफाई ब्यवस्थापन बोर्ड, हरिपुर, सर्लाहीको आर्थिक तथा प्रशासनीक नियमावली, २०८० अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा हरिपुर खानेपानी तथा सरसफाई ब्यवस्थापन बोर्ड, हरिपुर, सर्लाहीको मिति २०८०।०८।२९ गतेको खानेपानी महसुल मासिक रुपमा १० युनिट (१०००० लि.) को रु. १५०।०० शुल्क प्रस्ताव राखी निर्धारण गर्ने निर्णय गर्नको लागि नगरपालिकामा पठाईएकोमा उक्त प्रस्तावलाई यस नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०८०।१०।२३ गतेको निर्णयानुसार प्रस्ताव भएको दररेट स्वीकृत हुन सिफारिस भई आएको हुँदा उक्त दररेट राजश्व परामर्श समितिको निर्णयानुसार अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत स्थानीय तहको बेरुजु फर्छ्यौट निर्देशिका, २०८१ हरिपुर, सर्लाहीलाई छलफल र अध्ययन गरी अगामी नगर कार्यपालिकाको वैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत स्थानीय सरकारको आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८१ हरिपुर, सर्लाहीलाई छलफल र अध्ययन गरी अगामी नगर कार्यपालिकाको वैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. ६ का जयबिर चौधरी सहित समितिले मिति २०८०।१२।२५ गते यस नगरपालिका वडा नं. ६ को बिचला चौधरी टोलमा पर्ने सार्वजनिक बैठक घरको सार्वजनिक जग्गामा बिवाहा वर्तवन्ध तथा बैठकहरु हुने भएको हुँदा सार्वजनिक बैठक भवनमा १ सेट हयाण्ड पाइप (चपा कल) जडान गर्न यस बाह्रौ नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको पूँजिगत खर्च शिर्षकको पेज नं. ४९ मा सि.नं. २०५मा कार्यपालिकाको बैठकको निर्णयानुसार खर्च हुने रकम खर्च शिर्षक ३११५९ मा रकम रु. ४६,५०,०००।०० विनियोजन भएको रकमबाट प्राविधिकको लागत अनुमान अनुसारको रकम रु. २५,०००।०० विनियोजन गरी १ सेट हयाण्ड पाइप (चपा कल) जडान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको सामुदायिक विद्यालयहरुमा स्वयम् सेवक शिक्षक छनौट तथा व्यवस्थापनका लागि स्वीकृत भएको स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ लाई संसोधनको लागि नगर शिक्षा समितिले मिति २०८० पौष २३ गतेमा गरेको निर्णयको कार्यान्वयन तथा कार्यविधिलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन उक्त कार्यविधिमा देहाय बमोजिमको व्यवस्था रहने गरी तेस्रो संसोधन गर्ने निर्णय पारित गरियो।

मिति २०८१।०१।३१ गते

**स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ को तेस्रो संसोधनको बुँदा**

**१. मूल कार्यविधिको परिच्छेद-३ विविध को बुँदा नं. २३ को २ को अन्त्यमा देहाय बमोजिमको खण्ड राखिएको छ।**

- र पुरुष शिक्षक हरुको हकमा किरिया विदा तथा महिला शिक्षकको हकमा सुत्केरी विदा नेपाल सरकारको प्रचलित कानुनले तोके बमोजिमको हुनेछ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत स्वयम् सेवक शिक्षकहरुको विदाको हकमा स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ (दोस्रो संसोधन) विविधको बुँदा नं. २३ को २ मा भैपरी आउने विदा ६ दिन मात्र रहेको र कार्यरत स्वयम् सेवक शिक्षकहरुका लागि किरिया विदा र सुत्केरि विदामा यस बुँदाले व्यवहारिक रुपमा कठिनाई पर्ने भएकोले यस अघि स्वयम् सेवक शिक्षकहरुले लिएको किरिया विदा र सुत्केरी विदालाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०८०।०८१ को बाह्रौ नगरसभा निर्णयानुसार चालुगत खर्च शिर्षकको पेज नं. ४७ को सि.नं. ९७ मा न्यायीक समिति इजलास गठन तथा अन्य कार्यक्रमको शिर्षक नं. २२५२९ मा रकम रु. १५,००,०००।०० विनियोजन भएको रकमलाई देहाय अनुसारको न्यायीक समितिको कार्यक्रम संचालन गर्न रकम विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

आ.व.२०८०/२०८१ न्यायिक समितीको कार्याकम

| सि.नं. | विवरण | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | सूचिकृत भएका मेलमिलापकर्ताहरुलाई मेलमिलाप सम्बन्धी ५ दिने तालिम कार्यकम | ५००,००० | |
| २ | न्याय सम्पादन तथा कानुन निर्माण समबन्धी ३ दिने तालिम (सम्पुर्ण कार्यपालिका सदस्य,न्यायिक समितिको पदाधिकारी,कर्मचारी) | २८०,००० | |
| ३ | न्याय सम्पादन तथा न्यायिक समितिको काम कर्तव्यवारे ९ वटै वडाका वडा सदस्य,कर्मचारीहरुलाई १ दिने अभिमुखीकरण कार्यकम | १८०,००० | |
| ४ | न्यायिक समितीको कार्यालय ईजलाश गठन व्यवस्थापनको लागि विभिन्न समाग्रीहरु खरीद (ईन्भरटर बैटी सोलार , कुर्सी,दराज,प्रिन्टर,क्यामरा,हुडिङ्ग बोर्ड,व्याग,स्टेशनरी,छपाई अरु आवश्यक चाहिने समाग्रीहरु | ३००००० | |
| ५ | खाजा,खाना,चिया,चिसो,पानी आदि (फिल्ड तथा बैठकको लागि) | १००००० | |
| ६ | चिठि,पत्र, पुरयाए बाप्त | ४०००० | |
| ७ | न्यायिक सम्पादन कार्यको समीकक्षा | १००००० | |
| | जम्मा | १५००००० | |

हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिपुर, सर्लाही मधेश प्रदेश, नेपाल २०७२

मिति २०८१।०१।३१ गते

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिकाको मिति २०७९।११।२९ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय नं १० अनुसार हरिपुर नगरपालिकामा स्वास्थ्य सेवा विस्तार गर्ने क्रममा हरिपुर नगरपालिका वडा नं २ सखुवामा थप १ आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन र नगर अस्पतालको रुपमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा ईमर्जेन्सी सेवा, अल्ट्रासाउण्ड सेवा र बर्थिंग सेवा सञ्चालन सँगै र रात्री सेवा तथा प्रदेश सरकारबाट सहयोग प्राप्त प्रयोगशाला सेवा एवम् अतिरिक्त सेवा सञ्चालन गर्न कर्मचारी अभावको कारणले कठिनाई भैरहेको हुँदा विगतदेखि कार्यरत कतिपय कर्मचारीहरुको अवकाश र अध्ययन बिदा तथा लामो अवधिको प्रसुति बिदा लगायतको कारणले सेवा प्रवाहमा भएको असहजतालाई सम्बोधन गर्न एवम् थप स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सेवा विस्तार गर्न छोटो अवधिमा जनशक्ति प्राप्तिको लागि अहेव अनमी र कार्यालय सहयोगीको पदमा आवश्यक संख्यामा स्वयंसेवी भई कामकाज गर्न ईच्छुक स्वयंसेवकहरुको आवेदन संकलन गरी कामकाजमा खटाएर आवश्यक जनशक्ति व्यवस्थापन गर्ने निर्णय भए बमोजिम यस कार्यालयको मिति २०७९।१२।१५ गतेको निर्णयानुसार ७ दिनको म्याद दिएर सूचना आव्हान गरी ईच्छुक स्वयंसेवकहरुको आवेदन संकलन गरी यस हरिपुर नगर कार्यपालिकाको मिति २०८०।०१।१९ गतेको निर्णयानुसार देहाय बमोजिम कामकाजमा खटाई जनशक्ति व्यवस्थापन गरिएको थियो:

तपसिल

| क्र सं | नाम थर | पद | खटाईएको स्वास्थ्य संस्था /कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | अम्बिका सिन्हा | अ न मी | मजुर्वा आ स्वा से के | |
| २ | गीता खड्का | अ न मी | सखुवा आ स्वा से के | |
| ३ | किरण कुमारी राय यादव | अ न मी | लक्ष्मीपुर स्वा चौकी | |
| ४ | आशमेनी राय | अ न मी | प्रा स्वा के | |
| ५ | आशा कुमारी साह | अ हे व | प्रा स्वा के | |
| ६ | विकास कुमार झा | अ हे व | प्रा स्वा के | |
| ७ | आरती कुमारी साह | अ हे व | सखुवा आ स्वा से के | |
| ८ | लिलम कुमार धामी | का स | चिताईन आ स्वा से के | |
| ९ | राजेश चौधरी | का स | हरिपुर न पा को कार्यालय | |
| १० | सिकिन्दर कुमर | का स | २ नं वडा कार्यालय | |
| ११ | खुशरती खातुन | का स | लक्ष्मीपुर स्वा चौकी | |
| १२ | पिंकी कुमारी | का स | प्रा स्वा के | |
| १३ | सरमिष्ठा कुमारी | का स | सखुवा आ स्वा से के | |
| १४ | सुमिता मैनाली | का स | सखुवा आ स्वा से के | |

तत्पश्चात मिति २०८०।०५।२७ गते बसेको यस नगरपालिकाको नगर कार्यपालिकाको बैठकको निर्णय नं १७ अनुसार यस हरिपुर नगर कार्यपालिकाको मिति २०७९।११।२९ गतेको बैठकको निर्णयानुसार

मिति २०८१।०१।३१ गते

स्वास्थ्य सेवा र अन्य सेवातर्फ कर्मचारी अभाव भएर कामकाज नै प्रभावित भएकोले यस हरिपुर नगरपालिकामा कुनै आर्थिक भार नपर्ने गरी स्वयंसेवकमा कामकाजमा खटाउने गरी ७ दिने म्याद राखी मिति २०७९।१२।१५ गते प्रकाशन गरिएको सूचना अनुसार उक्त म्यादभित्र रीतपूर्वक परेका आवेदन मध्ये मिति २०८०।०१।१९ गतेको नगर कार्यपालिकाको कार्यालयको निर्णयानुसार तपसिलका आवेदकहरुलाई स्वयंसेवकको रुपमा कामकाजमा खटाईएकोमा निजहरुले हालसम्म ४ महिनादेखि बिना कुनै सेवासुविधा कामकाज गर्दै आएकोमा निजहरुको सेवाको कदर गर्दै मिति २०८०।०६।०१ गतेदेखि लागू हुनेगरी निजहरुलाई जिल्ला दररेट बमोजिम पारिश्रमिक पाउने गरी हाल खटिईरहेको स्थानमा नै दैनिक ज्यालादारीमा कामकाजमा लगाउने र निजहरुको कामकाजको हाजिरी प्रमाणित लगायत व्यवस्थापन सम्बन्धित स्वास्थ्य संस्था वा कार्यालयको ईन्चार्ज मार्फत स्वास्थ्य शाखाबाट गरिने निर्णय भए बमोजिम उपरोक्त कर्मचारीहरुलाई २०८०।०६।०१ गतेदेखि लागू हुने गरी दैनिक ज्यालादारीमा खटाई हालसम्म कार्यरत रहेको व्यहोरा अनुरोध छ । यसै गरी यस नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुख तथा उपप्रमुखको कार्यकक्षमा कामको बोझ बढी भएको कारणले कामकाजलाई सहज गरी सहयोग गर्न नगरपालिकाको स्थानीय दररेट बमोजिम पारिश्रमिक पाउने गरी १/१ जना सहयोगीको पदमा दैनिक ज्यालादारीमा कामकाजमा खटाईदिन नगर प्रमुख तथा उपप्रमुखबाट प्रमुख प्रशासकीय अधिकृतलाई पत्राचार गरी अनुरोध गरिएकोमा यस नगर कार्यपालिकाको कार्यालयको मिति २०८०।०६।०१ गतेको निर्णयानुसार तपसिलका व्यक्तिहरुलाई कार्यालय सहयोगी पदमा मिति २०८०।०६।०१ गतेदेखि लागू हुने गरी दैनिक ज्यालादारीमा खटाईएको।

तपसिल

| सि नं | कर्मचारीको नाम थर | ठेगाना | खटाईएको स्थान |
|---|---|---|---|
| १ | अभिमनु चौधरी | हरिपुर ७ | सहयोगीं, नगर प्रमुखको कार्यकक्ष |
| २ | चन्देश्वर राय | हरिपुर ४ | सहयोगी, नगर उपप्रमुखको कार्यकक्ष |

यस हरिपुर नगर कार्यपालिकाको विभिन्न मितिमा गरिएको निर्णयानुसार ज्यालादारीमा खटाइएका निजहरुको मिति २०८०।०६।०१ गते देखि हाल सम्म नियमानुसार पाउनु पर्ने तलव भत्ता प्रमाणित डोर हाजिरीको अधारमा वाहौ नगरसभाको चालुगत खर्च शिर्षकको पेज नं. ४७ को सि.नं. ८८ मा कार्यपालिका वैठकको निर्णय अनुसार खर्च हुने शिर्षक नं. २२५२९ मा रकम रु. ३३०००००।०० विनियोजन भएको रकमबाट भुक्तानी हुने गरी उपलब्ध गराउने र साथै माथि उल्लेखित ज्यालादारीमा खटाईएका सम्पुर्ण कर्मचारीहरुलाई मिति २०८१ जेष्ठ १ गते देखि कामकाजमा नखटाउने निर्णय गरियो र रिक्त पदहरुमा यथासिघ्र विज्ञापन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिकाको हरिपुर बालबिवाह मुक्त अभियान निर्देशिका, २०८० स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत कार्यरत रहेका सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविकाहरुको लागि संघीय सशर्त अनुदानमा विनियोजन गरिएको रकम सामुदायिक महिला स्वास्थ्य स्वयम्सेविकाहरुको वार्षिक समीक्षा कार्यक्रमको लागि अपुग रहेकोले यस नगरपालिकाको वाहौ नगरसभाको

मिति २०८१।०१।३१ गते

चालुगत खर्च शिर्षकको पेज नं. ४७ को सि.नं. ८८ मा कार्यपालिका वैठकको निर्णय अनुसार खर्च हुने शिर्षक नं. २२५२९ मा रकम रु. ३३०००००।०० विनियोजन भएको रकमबाट रु. १,००,०००।०० वार्षिक समीक्षा कार्यक्रममा खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ७ र ९ पिडारीमा रहेको विभिन्न सडकहरुमा रहेको बिजुलीको पोल तार र ट्रान्सफरमर सार्न प्राविधिकको लागत अनुमान अनुसार यस नगरपालिकाको बाह्रौ नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको पूँजिगत खर्च शिर्षकको पेज नं. ४९ मा सि.नं. २० मा कार्यपालिकाको बैठकको निर्णयानुसार खर्च हुने रकम खर्च शिर्षक ३११५९ मा रकम रु. ४६,५०,०००।०० विनियोजन भएको रकमबाट पोल तार हटाई सार्ने निर्णय गरियो ।

प्रस्ताव नं.१७ माथि छलफल गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग कार्यालय बर्दिबासको प.सं. ६२७/०८०/०८१ मिति २०८०/०७/०१ गतेको प्राप्त पत्र अनुसार जिल्ला सर्लाही हरिपुर नगरपालिका वडा नं. ६ स्थित नुरी बरकाती मदरसाका अध्यक्ष समसुल मंसुरले मदरसाको जग्गा मिचि निजि घर बनाइ बसेको भन्ने समेत व्यहोराको उजूरीको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८०/०६/२५ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली २०५९ को नियम ९ अनुसार प्रचलित कानून बमोजिम आवश्यक कारोवार गर्ने हरिपुर नगरपालिका सर्लाहीलाई लेखी पठाएकोले यस कार्यालयका अमिन श्री सरोज कुमार सिंह स्थलगत फिल्डमा जग्गा नाप-जाच नाक्साङ्कन प्रतिवेदन मिति २०८०/०७/१२ को आधारमा गा.वि.स. लक्ष्मिपुर (को) वडा नं. ४ (क) कित्ता नं. ४९ जग्गा धनी मदरसा नुरी बरकाती रहेको र सो जमिनको दक्षिण तर्फ ४ (क) कित्ता नं. ६६० जग्गा धनी सवन खातुनको श्रीमान् मोहमत मोजालिम हसमत आलियाको जमिन दक्षिण पूर्व तर्फ ५ फूट जमिन कि. ६६० जग्गा धनी सवन खातुन मिचेको र कि. ३८६ को पूर्व र उत्तर तर्फ १० फूट जमिन सवनम खातुनले मिचेको देखियो कि. ४९ जग्गा धनी मदरसा नुर वरकातीको उत्तर, बरकातीको कि. १७७ को ७ फुटको मिचेको देखियो उक्त ठाँउ जमिन नक्शा अनुसारको जोतभोग नरहेको एक अर्कामा गासिएकोले नक्शा अनुसार उक्त व्यक्तिहरुले मिचेको जग्गा र बरकाती मदरसाले मिचेको जग्गा छोडने र कानून बमोजिम छोड्न लगाउने र साथै नाप नक्शा भोगचलन गर्ने निर्णय गरियो । र श्री चण्डेश्वरी कानूनी सेवा मलंगवा वडा नं. ८ सर्लाहीको अधिवक्ता श्री शिवराम श्रेष्ठले मिति २०८०/११/१७ गतेको दिइएको निवेदनको आधारमा यस हरिपुर वडा नं. ५ लक्ष्कीपुर गाँउ मा बस्ने राजेश कुमार चौधरीले हरिपुर नगरपालिका वडा नं. ५ को वडा कार्यालय समेतलाई प्रत्यार्थि बनाई उच्च अदालत जनकपुरमा दायर गर्नु भएको रिट नं. ०८०-WO-०८८१ को निषेधाज्ञा मुद्दामा लेखन मस्यौदा कम्प्युटर समेत गराउदा पारिश्रमिक वापत निजलाई १००००।०० बाह्रौ नगरसभाको चालुगत खर्च शिर्षकको पेज नं. ४७ को सि.नं. ८८ मा कार्यपालिका वैठकको निर्णय अनुसार खर्च हुने शिर्षक नं. २२५२९ मा रकम रु. ३३०००००।०० विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।